# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) धनगढी, नेपाल, मंसिर ०८ गते, २०८० साल (अतिरिक्ताङ्क ५

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार
## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको
## सूचना

<u>सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०</u>



सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ कार्यान्वयन गर्न सुदूरपश्चिम प्रदेश सरकारले यो कार्यविधि जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि सुदूरपश्चिम प्रदेशभर लागु हुनेछ।

(३) यो कार्यविधि प्रदेश सरकार, मन्त्रिपरिषद्ले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

२. **सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा १० मा संशोधन**: सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा १० को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिमको रकम  एकमुष्ठ बुझाउन  नसकिने भनी कुनै व्यवसायीले निवेदन गर्न आएमा कबोल रकममा लाग्ने पूरै कर रकम र कबोल रकमको बिस प्रतिशत रकम दाखिला गर्न लगाई बाँकी असी प्रतिशत कबोल रकम बापत व्यवसायीबाट ठेक्का अवधि भरको लागि मान्य हुने गरी नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त "क"

वर्गको वाणिज्य बैंकको जमानत लिई सो जमानतबाट व्यहोरिने गरी बाँकी रहने कबोल रकममध्येको चालिस प्रतिशत रकम चालु आर्थिक वर्षको फागुन मसान्तभित्र तथा अन्तिम चालिस प्रतिशत रकम चालु आर्थिक वर्षको जेठ मसान्त भित्र दाखिला गर्नु पर्नेछ। तोकिएको अवधिभित्र दोस्रो वा तेस्रो किस्ताको रकम दाखिला नभए जमानतबाट असुल उपर गर्नु पर्नेछ। सोको जानकारी सकारकर्तालाई सम्बन्धित पालिकाले दाखिला गर्ने अन्तिम मिति भन्दा सात दिन अगावै गराउनु पर्नेछ।"

३. मूल कार्यविधिको दफा १६ मा संशोधनः मूल कार्यविधिको दफा १६ को उपदफा (२) को खण्ड (घ) मा रहेका "आर्थिक मामिला तथा योजना मन्त्रालय" को सट्टा "अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालय" राखिएको छ।

**आज्ञाले,**
**जीवनाथ पौडेल**
**प्रदेश सरकारको सचिव।**



मुद्रकः आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. ५।-